# बोलपत्र आह्वानको सूचना

## VISA Debit Card छपाई तथा आपुर्ति कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रकाशित मिति २०७१/०९/२४)

यस बैंकको लागि आवश्यक तपसिलको विवरणमा उल्लेख भए बमोजिमका सामाग्री बोलपत्रको माध्यमबाट छपाई तथा आपुर्ति गर्नुपर्ने भएको हुंदा उक्त सामाग्रीहरु छपाई तथा आपूर्ति गर्न **VISA** बाट सुरक्षण प्रिन्टिगं प्रेस मान्यता प्राप्त एवम **Debit Card** मुद्रण गर्न अनुमति प्रदान गरिएको प्रमाणपत्र प्राप्त सुरक्षण प्रिन्टिङ्ग प्रेसहरुबाट निम्न शर्तहरुको अधीनमा रही तोकिएको म्यादभित्र यस विभाग समक्ष बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | छपाई सामाग्रीको विवरण | इकाई | आवश्यक परिमाण |
|---|---|---|---|
| १ | **VISA Debit Card** | थान | १५०,००० |

शर्तहरु:

१) यस बैंकको थापाथली स्थित शाखा कार्यालयमा आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२००० मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु. १,०००/-(अक्षरेपी रु.एक हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर यस विभागमा पेश गरेपछि उल्लेखित छपाई कार्य सम्बन्धी बोलपत्र कागजात प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्र कागजात यो सूचना प्रथम पटक प्रकासित भएको मितिले **३०औं** दिन अर्थात **माघ २३, २०७१ (February 06, 2015)** गतेको कार्यालय समय (**दिनको १:३० बजे**) भित्र खरिद गरिसक्नु पर्नेछ र **३१ औं** दिन अर्थात **माघ २५, २०७१ (February 08, 2015)** गते दिनको **१२:०० बजे** सम्ममा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ सोही दिन दिनको **२:०० बजे** बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२) बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३) बोलपत्र पेश गर्दा **कम्पनी वा साझेदारी फर्म वा फर्मको दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र** एवम पछिल्लो आर्थिक वर्ष २०७०/७१ को **कर चुक्ता प्रमाणपत्र** वा कर विवरण पेश गर्न म्याद थप भएको पत्रको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि पेश गर्नुपर्नेछ । **कम्पनी** (प्रा.लि./लि.)को हकमा प्रवन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता किताबको श्रेष्ता, साझेदार, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र, **साझेदारी फर्मको** हकमा साझेदारहरु बीचको सहमति पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र कागजातका साथ अनिवार्य पेश गर्नुपर्नेछ । यसका अतिरिक्त विगत तीन आर्थिक वर्षको लेखा परीक्षण गरिएको **नाफा नोक्सान** तथा **वासलातको** विवरण समेत नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाँझिएको र पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा **स्वयम घोषणा गरिएको पत्र (Self Declaration letter)** समेत पेश गर्नु पर्नेछ ।

४) **कम्पनी/साझेदारी** फर्मको हकमा बोलपत्रमा भाग लिने निर्णय तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको **सञ्चालक समितिको निर्णय/सबै साझेदारहरुले सहमति पदान गरेको पत्र** अनिवार्य रुपमा बोलपत्रका साथ पेश गर्नुपर्नेछ ।

५) विदेशी बोलपत्रदाताको तर्फबाट स्थानीय एजेन्टले समेत बोलपत्र पेश गर्न सक्नेछ र स्थानीय एजेन्ट मार्फत बोलपत्र पेश गर्दा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम एजेन्ट सम्बन्धी सबै विवरणहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

६) खरिद गरिएका बोलपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा बोलपत्रदाता आफैले वा बोलपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ ।खरिद गरिएका बोलपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा बोलपत्रदाता आफैले वा बोलपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ ।

९) बोलपत्र पेश गर्दा आफूले कबोल गरेको कुल रकमको **५%** बराबरको बोलपत्र जमानत वापतको रकम बैंकको अर्नेष्ट मनी शीर्षकको हिसाव नं ९१६१२०००० मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तीमा **१२० दिन** अवधिको बोलपत्र जमानत (बिड सेक्यूरिटी/बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि ९० दिनको हुनेछ । बिदेशी बैंकले जारी गरेको बोलपत्र जमानत नेपाल भित्रको कुनै पनि क श्रेणीको वाणिज्य बैंकले प्रति प्रत्याभूति (काउन्टर ग्यारेन्टी) गरेको हुनुपर्नेछ ।

१०) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुंदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

११) घटी वा बढी रकमको बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ ।

१२) बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि बोलपत्रदाताले खरिद सम्झौता रकमको **१० प्रतिशत** बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको बोलपत्र कागजातमा उल्लेख भए अनुसारको अवधिको परफरमेन्स बण्ड (बैंक ग्यारेण्टी) पेश गरिसकेपछि मात्र सम्झौता गरी खरिद आदेश दिईनेछ ।

१३) नेपाल सरकारको नियमानुसार लाग्ने कर, अन्य प्रचलित कर बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ ।

१४) यो सूचनामा छुट हुन गएका अन्य शर्त एव विषयहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार एवम यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ तथा खरिद ऐन २०६३ अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग